रुरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७५/३/१९(अतिरिक्तांक)

भाग-१

रुरु गाउँपालिका

गुल्मी,५ नं.प्रदेश

## रुरु गाउँपालिकाको विनियोजन ऐन, २०७५

सम्बत २०७५ को ऐन नं. २ गाउँसभाबाट पारित मिति :२०७५/३/१९

# रुरु गाउँपालिकाको विनियोजन ऐन,२०७५

रुरु गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: रुरु गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम रुरु गाउँ सभाले यो रुरु गाउँपालिकाको विनियोजन ऐन,२०७५ बनाएको छ ।

१.संक्षिप्तनाम र प्रारम्भ: (१)यस ऐनको नाम " रुरु गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार: (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३५७७१५०० (अक्षेरुपी पैतीस करोड सत्तहत्तर लाख पन्ध्र हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त रुरु गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | निशर्त अनुदान | गाउँकार्यपालिका | २७८७२/- | १०५७८६।५ | | १३३६५८।५ |
| २ | निशर्त अनुदान | वडा समिति | ५४४६।८ | | | ५४४६।८ |
| ३ | निशर्त अनुदान | विषयगत शाखा | १११२२।७ | | | ११२२।७ |
| ४ | शशर्त अनुदान केन्द्र | विषयगत शाखा | १५५३००/- | | | १५५३००/- |
| ५ | शशर्त अनुदान प्रदेश | गाउँकार्यपालिका | | ९६००/- | | ९६००/- |
| ६ | शशर्त अनुदान | सामाजिक सुरक्षा भत्ता गाँउ कार्यपालिका | ४२५८७/- | | | ४२५८७/- |
| ७ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ८ | | लगानी (शेयर/ऋण) | | | | |
| | | जम्मा | २४२३२८।५ | ११५३८६।५ | | ३५७७१५/- |

प्रमाणिकरण मिति :२०७५/३/१९

आज्ञाले

सरला कुमारी पौड्याल

प्रमुख प्रशासकीय अधिकृत